नेपाल सरकार

कृषि, भूमि व्यवस्थापन तथा सहकारी मन्त्रालय,

## प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

लागत सहभागिताको आधारमा शित भण्डार गृह (कोल्ड स्टोरेज) निर्माण गर्न प्रस्ताव आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७४/११/२५)

कृषि उपजहरुको उत्पादन उप्रान्तको क्षति न्यूनीकरण, गुणस्तर प्रवर्द्धन, आवश्यक परिमाणमा उपलव्धता सुनिश्चितता गर्ने र व्यवसायीक तथा औद्योगिक उत्पादन एवं बजारीकरणमा सहयोग पुऱ्याउनका लागि नुवाकोट, काभ्रे, बाँके, कपिलवस्तु, सर्लाही, धादिङ, मोरङ, कैलाली, कास्की, सिन्धुली, झापा, सुनसरी र धनुषा गरी १३ वटा जिल्लाहरुमा जिल्लागत प्रतिस्पर्धाको आधारमा निजी कम्पनीसंग साझेदारीमा कोल्ड स्टोरेज निर्माणका लागि बढीमा ७० (सत्तरी) प्रतिशत पूँजीगत अनुदानमा कोल्ड स्टोरेज संचालन गर्ने कार्यक्रम रहेकोले देहाएका शर्तहरुको अधिनमा रही कोल्ड स्टोरेज निर्माण गरी संचालन गर्न चाहने ईच्छुक निजी संस्था/कम्पनीहरुबाट मिति २०७४ साल चैत्र २५ भित्र अनुसूची ३ बमोजिमका कागजातहरु संलग्न राखि अनुसूची २ बमोजिम सिलबन्दी प्रस्ताव पेश गर्न यो प्रस्ताव आव्हान गरिएकोछ । अनुसूची २ र ३ यस परियोजनाको website:www.pmanp.gov.npबाटdownload गर्न सकिनेछ ।

शर्तहरुः

१. एक निजी संस्था/कम्पनीले एक भन्दा बढी जिल्लाको लागि प्रस्ताव पेश गर्न पाईने छैन ।

२. कोल्ड स्टोरेजको निर्माण अवधि सो भण्डार गृहको क्षमता र प्रकृति अनुसार बढीमा दुई बर्षको हुनेछ । सम्झौतामा तोकिएको अवधि भित्र निर्माण सम्पन्न नगरेमा सम्झौता बमोजिमको अनुदानबाट बञ्चित हुनेछ र प्रदान गरिएको अनुदान रकम प्रचलित कानुन बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

३. निजी संस्था/कम्पनी यो सूचना प्रकाशन भएको मिति अगावै कोल्ड स्टोरेज स्थापना, सञ्चालन गर्ने उदेश्य राखी प्रचलित कानुन बमोजिम दर्ता भएको हुनु पर्नेछ ।

४. कृषि उपज भण्डारणको लागि कोल्ड स्टोरेज स्थापना गर्न कम्तिमा ५,००० मेट्रिक टन क्षमताको मल्टीच्याम्बर कोल्ड स्टोरेजको लागि तोकिए बमोजिमको उपयुक्त जग्गा कम्पनीको आफ्नो नाममा वा प्रोप्राइटरको नाममा दर्ता भएको हुनुपर्नेछ । करारनामाको जग्गा मान्य हुने छैन ।

५. कोल्ड स्टोरेज स्थापना गर्न प्रस्तावित जग्गामा सडक, विद्युत र थ्री (फेज लाइन भएको वा जडान गर्न सक्ने लगायतका आवश्यक पूर्वाधारहरुको ब्यबस्थापन तथा सुलभ पहुंच भएको हुनु पर्नेछ ।

६. कोल्ड स्टोरेज निर्माण गर्न कम्पनीले आफ्नो तर्फबाट कम्तिमा ३० प्रतिशत लगानी गर्नु पर्नेछ र यसका लागि कम्पनीले व्यहोर्ने लगानी सम्बन्धमा सम्बन्धित बैंकबाट जारी भएको Letter of Intent पेश गर्नु पर्नेछ । सो ३० प्रतिशत लगानीको हिस्सामा कम्पनीको जग्गा र अन्य चालु खर्च समावेश हुने छैन ।

७. निर्माण गरिने कोल्ड स्टोरेज बहुतले संरचना (Multistory cold storage building)भएमा माटो जाँच (Soil Test) को आधारमा Foundation design गरी पेश गर्नुपर्नेछ ।

८.कम्पनीलाई अनुदान दिन छनौट गर्दा प्रत्येक जिल्लामा एउटा कम्पनीलाई आन्तरिक जिल्ला (Within district) प्रतिस्पर्धाको आधारमा मूल्याङ्कन गरिनेछ र जिल्ला भित्रमा ७० प्रतिशत भन्दा बढी अंक प्राप्त गर्ने मध्ये सबै भन्दा बढी अंक प्राप्त गर्ने कम्पनीलाई छनौट गरिनेछ । प्रस्तावको मूल्याङ्कनगर्दा कम्पनीले आफ्नो तर्फबाट ३० प्रतिशत भन्दा बढी लगानी गर्ने गरी पेश भएको प्रस्तावलाई प्राथमिकता दिईनेछ ।

९. अन्य शर्तहरु शित भण्डार गृह (कोल्ड स्टोरेज) स्थापना कार्यान्वयन कार्यविधि, २०७४ परियोजना कार्यान्वयन समितिबाट स्वीकृत भए बमोजिम हुनेछन् ।

प्राप्त सिलबन्दी प्रस्तावहरु उपस्थित हुन चाहने आवेदकहरुको उपस्थितिमा २०७४ साल चैत्र २६ गते दिनको अपरान्ह १:०० बजे खोलिनेछ । यदि सो दिन बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन सोही समयमा खोलिनेछ । सो समयमा आवेदकहरुको उपस्थित नभएमा सिलबन्दी प्रस्ताव खोल्न बाधा पर्नेछैन ।प्रस्ताव स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस परियोजनामा निहित रहने छ ।

यस सम्बन्धमा थप जानकारी चाहिएमा कार्यालय समय भित्र परियोजना व्यवस्थापन इकाईको टेलिफोन ०१-४३६१५२२र ०१-४३६५३९४ एवं ईमेल ठेगाना pmamp.pmu@gmail.comमार्फत प्राप्त गर्न सकिनेछ ।

## अनुसुची २

प्रस्ताव माग फाराम

१. कम्पनीको नाम:

ठेगाना:

२. कम्पनी दर्ता भएको मिति: दर्ता भएको कार्यालय:

३. सम्पर्क व्यक्तिको नाम: ईमेल: सम्पर्कन|.:

४. लाभान्वित कृषक संख्या: प्रत्यक्ष: अप्रत्यक्ष:

५. प्रक्षेपितकारोवारशुरुमिति/शुरुहुनेमिति:

६. प्रक्षेपित कारोबार विवरण:

| विवरण | पहिलो वर्ष | दोश्रो वर्ष | तेश्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

७. कारोवारक्षेत्र/जिल्लाहरु:

८. कम्पनीको चल अचल पूंजिकोविवरण:

९. उपलब्ध हुने जग्गाको विवरण:

(क)पाखो(Up Land)/खेत(Low Land):

(ख)क्षेत्रफल:

(ग)सडकको पहुँच: मार्गको अवस्था:

फराकिलो:मुख्य सडकसम्मको दुरी:

यहाँ
प्रस्तावित कोल्ड स्टोरेज निर्माण हुने ठाउँ
नक्सामा देखाउनु होस् ।

(घ) विद्युतको क्षमता न्यूनतम ३ फेज आवश्यक पर्ने भएकोले सो संगको दुरी: ..की. मि.

छैन भने आवश्यक संभावना विवरण:

अन्य आवश्यक विवरणहरु उल्लेख गर्नु पर्नेभए:

१०.कम्पनीको आबश्यकता (भौतिक पुर्वाधार तथा मेशिनरी औजार) को विवरण कोल्ड स्टोरेजको क्षमता:

अन्य भौतिक पुर्वाधार र तिनको क्षमता: मेशिनरी उपकरणहरु:

कार्यालय: कोठासंख्या:

११. अनुसुची ३ मा उल्लेख भएको विवरणहरु अनिवार्यरुपमा पेश गर्नु पर्नेछ।आंसिक र अपुर्णरुपमा पेश भएका एवं समय सिमा भित्र दर्ता नभएका प्रस्तावहरुको मुल्याङ्कन हुने छैन।

अन्य विवरण (केहि विवरण स्पष्ट पार्नु पर्ने भएमा):

उपर्युक्त विवरणहरु जाने बुझे सम्म सहि छ, यदि झुटो ठहरिएमा निवेदन स्वत: खारेज भई सो अनुसार कारबाही भएमा कानुन बमोजिम सहुँला बुझाउँला:

| | |
|---|---|
| साक्षी: | निबेदक: |
| दस्तखत: | दस्तखत: |
| नाम: | नाम: |
| पद: | पद: |
| मिति: | मिति: |

## अनुसुची -३

संलग्न गर्नु पर्ने कागज पत्रहरु

१. कम्पनी दर्ताको प्रमाण पत्रको प्रतिलिपि । नविकरण आवश्यकता भएमा सो समेत

२. विधान/प्रवन्ध पत्र, नियमावलीको प्रतिलिपि ।

३. पान/भ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपि । एक वर्षभन्दा पुरानो कम्पनीको हकमा गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र लेखा परीक्षण प्रतिवेदन ।

४. जमिनको स्वामित्व कम्पनी/प्रोप्राइटरको नाममा रहेको लालपुर्जा र Trace नक्सा ।

५. आगामी १० वर्षको लागि ब्यवसायिक योजना(Business Plan) ।

६. नियमानुसारप्रारम्भिक वातावरणिय मूल्याङ्कन (Initial Environmental Examination)भएको वा सोगर्नको लागि कार्य सुची (Terms of Reference)कृषि विकास मन्त्रालयमा दर्ता भएको।

८. पुर्ण ईन्जिनियरिङ्ग डिजाईन सहितको नक्सातथा लागत अनुमान ।

९. आवेदक कम्पनीले गर्नु पर्ने लगानीको लागि सम्बन्धित बैंकको आशय पत्र (Letter of Intent)।

११. सम्भाव्यता अध्ययन, उद्देश्य तथा आवश्यकता, भौतिक पुर्वाधार, क्षमता, सञ्चालन पुंजि, ब्यवसायिक योजनासहितको पूर्ण आयोजना प्रतिवेदन (Detailed Project Report) २ प्रति ।

१२. प्रस्तावित कोल्ड स्टोरेजको लागि आवश्यक पर्ने मेशिनरी औजार निर्माण सम्बन्धी कार्यमा संलग्न अनुभव प्राप्त स्वदेशी/विदेशी supplier/फर्म/कम्पनीको अनुभवर कोटेशन (प्रस्ताव छनौट पश्चात मेशिनरी औजार तथा सामाग्रीको supplier/फर्म/कम्पनीपरिवर्तन गर्न पाइने छैन) ।

१३. प्रस्ताव छनौट भए पछि कार्यक्रम कार्यान्वयनको लागि स्थानीय तहको मापदण्ड अनुसार नक्सा पास भएको प्रमाण।